# २ सुसमाचार प्रचारप्रसारमा प्रत्यक येशूभक्तको उत्तरदायित्व

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* एफिसी ४:१२, २ कोरन्थी ५:१५-२०, यूहन्ना ४:३५-४१, १ थेस्सोलोनी १:५-८, प्रेरित १४:२७।

*__स्मरण गर्नुपर्ने पद:__* “उहाँको जन हुनलाई परमेश्वरले तिमीहरूलाई चुनेको छ। तिमीहरू शाही पुजारीहरू हौ। तिमीहरू पवित्र राष्ट्र हौ। तिमीहरू परमेश्वरको सम्पत्ति हौ। उहाँको प्रशंसाका भजनहरू गाउन तिमीहरूप्रति उहाँले ती कदम चाल्नुभएको हो। अन्धकारबाट उहाँको अचम्मको ज्योतिमा उहाँले तिमीहरूलाई भित्र्याउनुभएको छ।" (१ पत्रुस २:९ रूपान्तरित)।

__मूल सोच:__ गवाही दिने र सुसमाचार प्रचारप्रसार गर्ने काम चर्च पास्टर, गस्पोल वर्कर्स वा चर्चले तलब दिएर राखेका मानिसहरूका काम हुन् भनेर  प्रायजसो विश्वासीहरूले ठान्दछन्। यो अत्यन्त गलत धारणा हो।

**परमेश्वरलाई आफ्ना प्रभु भनेर स्विकार गर्ने प्रत्येक बिश्वासीलाई उहाँले चुन्नुभएको छ र तिनीहरूलाई “शाही पुजारी" नियुक्त गर्नुभएको छ भनेर पत्रुसले खुलासा गर्दछन् (१ पत्रुस २:९ रूपमान्तरित)।** पुरानो करारमा परमेश्वरका विषेश सेवाकार्यहरूका निम्ति पुजारीहरू खटिएका थिए। नयाँ करारमा पुजारीहरूले परमेश्वरको मन्दिरमा गरिने सेवाकार्यहरू हटिएको सबैलाई थाहा छ। तर अब हामीहरूलाई “पुजारी" भनेर परमेश्वरले नियुक्ति गर्नुभएको छ। केवल परमेश्वरको काममा मात्र खटिने हाम्रो निति तथा कार्यक्रम होइन भनेर हामीले बुझ्नुपर्दछ। उहाँसँग व्यक्तिगत रूपमा सम्वन्ध राख्ने र सम्पर्कमा रहने कामले प्राथमिकता पाउनुपर्दछ। उहाँका भक्त वा अनुयायी भनेर दावी गर्नेहरूको पहिलो कर्तव्य वा धर्म नै उहाँको नजिकमा रहनु हो। अनि उहाँको नजिक रहेको आभास पाएपछि मात्र अरूलाई कस्तो महान् काम हाम्रो निम्ति परमेश्वरले गर्नुभयो र गरिरहनुभएको छ सो बाँड्ने सक्षम् हुनसक्दछौं। व्यक्तिगत गवाही दिनुको मूल कारण नै त्यो हुन्।

त्यसकारण हामी प्रत्येक येशूभक्त जो चर्चमा आउँदछौं, हाम्रो काम हात बाँधेर बस्ने नभएर परमेश्वरको निम्ति व्यक्तिगत रूपमै

सेवाकार्यमा संलघ्न हुनुपर्दछ। “प्रत्येक बिश्वासी सदस्यले अपनाउनुपर्ने सेवाकार्य कर्तव्य" के हो भनेर यस अध्यायमा हामीले पत्ता लगाउन खोज्नेछौं। चर्चका प्रत्येक सदस्यले कुनै न कुनै रूपमा आफ्नो अनुभव र दक्षता बाँडेर सम्पूर्ण चर्चको क्रियाकलापमा कसरी सहभागी हुने भनेर यस अध्यायमा छलफल गर्नेछौं। आफूले पाएको सुसमाचार गुमस्याएर नराखी वा अरूको काम हो, मेरो होइन भनेर नपन्छि प्रचारप्रसार गर्ने काम र चर्चको विभिन्न कार्यक्रममा उल्लेखनीय रूपमा सहभागी हुनु हाम्रो धर्म हो भनेर प्रत्येक येशूभक्तले स्विकार गर्नु आवश्यक छ।

## १. प्रत्येक सदस्यलाई दिइएको सेवाकार्यको अभिभारा (२ कोरन्थी ५:१५-२०)

परमेश्वरको कामको निम्ति मलाई केहि पनि बरदान वा सीप दिएको छैन कतिपय इसाईहरूले गुनासो व्यक्त गर्दछन्। “परमेश्वरको निम्ति कुनैपनि असल काम गर्न मसँग क्षमता छैन" भनेर तिनीहरू दुखेसो पोखाएर बस्दछन्। तर येशूभक्तहरूले यस्तै सोचुन् भनि सैतानको मनशाय छ। येशूका अनुयायीहरूमा त्यस मनस्थितिले अड्डा जमायो भने सैतान अत्यन्त रमाउँदछ। तर प्रत्येक येशूभक्तलाई परमेश्वरको सेवा गर्न कुनै न कुनै दक्षता प्रदान गरिएको छ भनेर बाइबलले स्पष्टरूपमा भन्दछन्। तर त्यो दक्षता के हो भनेर हामीले बुझ्नुपर्दछ। अनि परमेश्वरको अनुग्रहद्वारा त्यस दक्षतालाई उहाँको महिमाको निम्ति कसरी उपयोग गर्ने भनेर निर्णय गर्नुपर्दछ।

**येशूका अनुयायी हुँ भन्ने प्रत्येक विश्वासीलाई परमेश्वरले सेवाकार्यको निम्ति अभिभारा सुम्पिनुभएको छ। ती के हुन् भनेर एफिसी ४:१२ र २ कोरन्थी ५:१५-२०मा कसरी उल्लेख गरेकाछन्?**

येशूभक्तहरूलाई पावलले सन्त भनेर सम्वोधन गर्दछन्। प्रत्येक सन्तलाई परमेश्वरले कुनै न कुनै बरदान वा शीप दिनुभएको छ भनेर पावलले नअनकनाइकन भन्दछन्। येशूको बलिदानलाई स्विकारेर परमेश्वरसँग पुनःएकतामा रहने प्रत्येक विश्वासीलाई परमेश्वरतिर पापीहरूको मन फर्काउने अभिभारा सुम्पनुभएको छ। प्रत्येक विश्वासी पुरूष वा महिलालाई परमेश्वरले आफ्नो राज्यको राजदूत नियुक्त गर्नुहुन्छ। देशको राजदूतले विदेशमा आफ्नो देशको प्रतिनिधित्व गर्दछ। विश्वासीहरू ख्रीष्ट र उहाँसँग लागेका सबैसँग व्यक्तिगत सम्वन्ध राखिरहेको छ भनेर राजदूत भन्ने शव्दले बुझाउँछ। यसरी ख्रीष्ट र

उहाँका सन्तहरूसँग एकमत भएर संसारमा उहाँको प्रेम र अनुग्रहको सन्देश फैलाउनुपर्दछ।

सुसमाचार प्रचार गर्ने शीलशिलामा धेरै अन्यौलता भएको हामी पाउँछौं। आजको जमानामा सुसमाचार फैलाउने काम केवल पास्टर (वा गस्पल वर्कर्स)को मात्र हो भनेर कतिपय सर्वसाधारण चर्चका सदस्यहरू हात बाँधेर वस्दछन्। चर्चले पैसा दिएर पास्टर बनाएको त हो नी सुसमाचार प्रचारप्रसार गर्न हामीलाई के को तन्ता भनेर कतिपयले ढुक्क मानेर बस्दछन्। कुनै कुनैले पास्टरले खटाएको विशेष काममा संलघ्न पनि हुन्छन्। (तिनीहरूले परमेश्वरको काम भनेर आभास नपाई पास्टरले दिएको काम भनेर सम्पन्न गर्दछन्)। तर पास्टरको काम भनेको प्रत्येक विश्वासीलाई परमेश्वरको खातिर व्यक्तिगतरूपमा सेवाकार्य गर्न तालिम दिनु हो भनेर बाइबलले स्पष्ट रूपमा औँल्याएको छ।

प्रत्येक विश्वासीको काम भनेको परमेश्वरको सुसमाचार प्रचारप्रसार गर्नु हो भनेर नयाँ करारका विश्वासीहरूले प्रमाणित गरेका थिए। उनीहरूको अभिभारालाई राम्रैसँग बुझेका थिए। तिनीहरू जहाँ गएतापनि प्रभु येशूको बारेमा प्रचार गरिएको आफूहरूलाई भेट्टाइएका थिए (प्रेरित ८:१-४ पढ्नुहोस्)।

हामी सबैलाई विशेष सेवाकार्यको निम्ति येशूले खटाउनुभएको छ। यो उहाँले नै देखाउनुभएको बाटो हो। आफ्नो भाऊ खोज्न वा अरूको सेवा पाउन उहाँ आउनुभएको थिएन भनेर उहाँले स्पष्टरूपमा भन्नुभएको छ (मत्ती २०:२८, लूका २२:२७ हेर्नुहोस्)। उहाँका भक्तहरू सेवक हुनुपर्दछ भनेर उहाँले साफ साफ भन्नुभएको छ (मत्ती २३:११, मत्ती २०:२६,२७ पढ्नुहोस्)। यदि अरूको सेवा गर्ने नै हाम्रो धर्म वा सेवाकार्य गर्ने काम होइन भने अरू के होला?

यो पनि थाहा पाउनुहोस्, येशूले हामीलाई नोकर हुन निर्देशन दिनुभएको छैन। तर उहाँसँगको सम्बन्धले खुलादिलसाथ अरूको सेवा गर्ने काममा सरिक हुन्छ भनेर उहाँले भनिरहनुभएको थियो। कष्ट भोग्नुभएको सेवक येशू ख्रीष्टसँगको व्यक्तिगत सम्वन्धले गर्दा येशूभक्तको जीवन शैली कस्तो हुनुपर्दछ भनेर माथि उल्लेख गरेका पदहरूले वर्णन गर्दछन्। ख्रीष्टमा रहनु भनेकै उहाँको सेवामा लागिरहनु हो भनेर ती पदहरूले समर्थन गरेको हामी पाउँछौं।

तपाईं इसाई वा येशूभक्त भनेर दावी त गर्नुहुन्छ वा नियमति रूपमा चर्चमा त आउनुहुन्छ, तर अरूको सेवा गर्न तपाईं कत्तिको तत्पर हुनुहुन्छ? अरूलाई ख्रीष्टको बारेमा भन्नु के तपाईंको स्वभावले दिन्छ त? वा यो काम मेरो होइन भनेर पन्छिन तपाईं शीपालु हुनुभएको छ? अरूको सेवा गर्न र येशूको महिमाको निम्ति उहाँको वचन फैलाउने काममा सुधार गर्न तपाईंको नितिमा कसरी परिवर्तन गर्नुपर्दछ?

## २. परमेश्वरको कामको निम्ति श्रमिकहरू (मजदुर)को आवश्यता (यूहन्ना ४:३५-४१)

खेतबारीको रेखदेख गर्ने प्रक्रियामा कसैले माटो खन्छ भने कसैले बिऊ छर्छ। अनि त्यस बिऊलाई अरूले नै पानी दिनसक्छ। जब बाली काट्ने समय हुन्छ त्यो बाली काट्ने बेलामा माटो खन्ने, बिऊ छर्ने, पानी दिने मानिसहरू नभएर अर्कैले गर्न सक्छ। कहिलेकाहिँ माटो खन्ने, बिऊ छर्ने र पानी दिनेले पनि बाली काट्न सक्छ। आधुनिक संसार द्रुतगतिमा चलिरहेको छ। बिभिन्न मानिसहरू आफ्नो आफ्नो मनपरेको क्षेत्रको काममा आवत जावत गर्दछन्। कोहि पनि एक ठाउँमा रहन्छ भन्ने छैन। त्यसकारण परमेश्वरको काममा अरूले सुरू गरेको ठाउँमा हामीले निरन्तरता दिन राजी हुनुपर्दछ।

जब कोहि ख्रीष्टलाई ग्रहण गर्दछ, प्रायजसो हामी अति खुशी हुन्छौं। येशूले एक सामरी महिलालाई सुसमाचार सुनाउँदा उनले आनन्दित भएर अरूलाई पनि बाँडेकी थिइ। त्यसबेला उनी कत्तिको खुशी र आनन्दीत भइन् भनेर यूहन्ना ४:३५-४१ पदहरूले कसरी बताउँछन्?

जब हामी बाली काट्ने समयको कुरा गर्छौं त्यो त्यस समय हो जब बाली पाकीसकेको हुन्छ। बिभिन्न बालीको बाली काट्ने समय आआफ्नै हुन्छ। तर परमेश्वरको काममा बाली काट्नेको ठ्याक्कै समय हुँदैन। अर्थात् उहाँको बारेमा प्रचारप्रसार गर्ने समय तोकिएको हुँदैन। येशूले यो कुरालाई यूहन्ना ४:३५लाई जोड दिएर औंल्याउनुभएकोछ। बाली रोपेपछि त्यो काट्न चार महिना लाग्न सक्छ। त्यो भयो खेतबारीको कुरा। तर परमेश्वरको बचनलाई कसैको मनमा कुनै समयमा कसैले छरिदिएको हुन्छ भने त्यो पाकेर काट्ने समय भनेको

जहिले पनि हुनसक्दछ। अर्थात् परमेश्वरको बचन भिजेको मानिसले उहाँलाई ग्रहण गर्न कुनै पनि ऋतुलाई पर्खन पर्छ भन्ने छैन।

याकूबको इनारमा येशूले सुसमाचारको बिऊ एक सामरी महिलाकी हृदयमा छर्नुभएको थियो। अनि उनले त्यहि बिऊ सिचार गाँउका गाउँलेहरूलाई छरेकि थिइन्। येशूकै मुखबाटै सुसमाचार नसुनेतापनि ती गाउँलेहरूमा परमेश्वरको बिऊ छरिएको थियो। त्यो बिऊलाई उमार्दै येशूकहाँ तिनीहरू आइपुगेका थिए। र जब येशूकै मुखारबाट बचन तिनीहरूले सुने तब सामरी महिलाले छरेको बिऊ पूरा पाक्न पाएका थिए। संसारको खेतमा परमेश्वरको बचनको बिऊ छरिरहेको हुन्छ र त्यो पाकीरहेको हुनसक्छ। भक्तहरूले त्यसलाई सम्हाल्न वा वचनमा पक्क्व भएको मानिसलाई येशूतिर मनफर्काउन हरदम तयार हुनुपर्दछ।

**आफ्ना मजदुरहरूले बाली काटोस् भनेर परमेश्वर अत्यन्त उत्सुक हुनुहुन्छ। यो कुरा २ पत्रुस ३:९मा कसरी उल्लेख गरिएकोछ, हेर्नुहोस्?**

मानिसहरूप्रति परमेश्वरले महान् प्रेम, दया र करुणा देखाउनुभएकै कारणले येशूले आफ्ना मजदुरहरूलाई बाली काट्न जाओस् भनेर इच्छा गर्नुहुन्छ (मत्ती ९:३६-३८ हेर्नुहोस्)। जब हामी संसारको खेतको बारेमा हामी सोच्दछौं, बाली रोप्न र बाली काट्न अझै धेरै ठूलो भएको पाउँछौं। त्यसमा काम गर्न मजदुरहरू कमै भएको पनि हामी पाउँछौं। बाली काट्न खेतमा खेतालाहरू प्रशस्त होउन् भनेर प्रार्थना गर भनेर येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो। यसरी नै आजका हामी येशूभक्तहरूले मजदुरहरूको निम्ति प्रार्थना गरौं। अर्थात् परमेश्वरको वचन फैलाउने प्रचारकहरूको निम्ति प्रार्थना गरौं। अनि परमेश्वरले हामीलाई दिनुभएको काम सम्पन्न गर्न पवित्र आत्माको अगुवाई हामीमा होस् भनेर पनि प्रार्थना गरौं।

बितेका केहि दिनकोबारेमा सोच्नुहोस्। तपाईंको बिश्वासको बारेमा कसैलाई भन्न मौका कत्तिको पाउनुभएको छ? परमेश्वरको वचनको बिऊ कसरी छर्नुभएको छ जुन पछि त्यो उम्रेर पाक्न जान्छ अर्थात् कुनै समयमा वचन सुनेको मानिसले परमेश्वरलाई ग्रहण गर्न अघि सर्नेछ? कतिपटक परमेश्वरको बिऊ छर्नुभएको छ र कतिपटक त्यो बिऊ छर्ने अवसर गुमाउनुभएको छ?

## ३. व्यक्तिगतरूपमा तर सबैसँग मिलेर परमेश्वरको काम गर्नु (एफिसी ४:१६)

चर्चको परिभाषा हप्ताको एक पटक सेवाकार्य गर्ने भवन मात्र होइन, न त इसाई हौं भनेर दावी गर्ने विश्वासी सदस्यहरू हप्ताको दुई घण्टा साब्बथमा आएर प्रवचन सुनेर सन्तुष्ट भएर जानुमात्र हो। बाइबलको अनुसार जसरी शरीरका बिभिन्न अङ्गहरू मिलेर शरीर बन्छन् त्यसरी नै बिभिन्न सदस्यहरू मिलेर चर्च समूह बन्दछन्। शरीरका अङ्गहरू एक आपसमा नजोडि काम गर्न सक्दैनन्, तर कतिपय बिश्वासीहरू शरीररूपी चर्च समूहबाट अलग भएर नियमितरूमा भिन्ना भिन्नै भएर आराधना गर्न सक्दछन्। यो दुर्भाग्य तथ्यलाई चर्चको बिभिन्न पक्षमा समावेश भएको हामी पाउँदछौं। तर अहिले हामी बिशेष गरेर परमेश्वरको निम्ति साछी बक्ने र प्रचारप्रसार गर्ने काममा एकजुट हुनु अनिवार्य छ भन्ने कुरामा हाम्रो ध्यान केन्द्रित गरिरहेकाछौं।

एफिसी ४:१६मा भनिएको छ, **"उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीहरूद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृध्दि हुँदैजानेछ।" यदि शरीरको कुनै भाग जस्तै नाडी, कुहिनो, औंला वा घुँडाका जोर्नीहरूसँग अलग भयो भने त्यो शरीरको अवस्था कस्तो होला? चर्च भनेको विश्वासीहरूको त्यो समूह हो जो शरीर एक भएको जस्तै सुसमाचार प्रचारप्रसार गर्ने लक्ष्यमा एक ढिक्का हुनुपर्छ भनेर पावलको भनाईलाई के हामीले पचाउन सकेकाछौं?**

पावलले शरीरलाई उदाहरण दिएर त्यस प्रसङ्गलाई अझ अघि बढाउँदछ। यदि सबै चर्चका सदस्यहरूले आआफ्नो कर्तव्यलाई पूरा गरे भने  शरीररूपि चर्चको पनि वृद्धि हुन्छ भनेर प्रेरित पावलले व्यक्त गर्दछन्। अनि त्यहि सन्दर्भमा नबडेको चर्चको बारेमा हामी के भन्ने त? बृद्धि नभएको बा सधैं त्यहि गन्तीमा मात्र भइरहेको चर्चको बारेमा सोच्दा हामी यो दोष थुपार्नसक्दछौं, ए, चर्चको काममा खटाएका मानिसहरूले राम्रो काम गरिरहेको छैन। तर यो कुरा असत्य नै हुनुपर्छ त छैन, तर यो पनि सोच्नुहोस्ः चर्चरूपमा शरीरको बिकासको निम्ति आफ्ना सदस्यहरूको सहायता लिन वा उनीहरूको देनलाई समावेश गराउन चर्चका कति अगुवाहरूले चुकिरहेकाछन त? चर्च भनेको सबै विश्वासीहरू हुन् र त्यसको सेवाकार्यको निम्ति सबै विश्वासीहरू संलघ्न हुनुपर्छ भनेर चर्चका अगुवाहरूले आत्मसात गर्न चाहन्दैनन् भने ती

विश्वासीहरूलाई चर्चको जीवन र सेवाकार्यमा समावेश गर्न प्रयास पनि गर्दैनन्।

**१ थेस्सोलोनी १:५-८ पढ्नुहोस्। पावलबाट पाएका सुसमाचारलाई थेस्सोलोनीका बिश्वासीहरूले के गरे त?**

थेस्सोलोनीका चर्चले आफूले पाएका सुसमाचारलाई ग्रहणमात्र गरेनन् अरूलाई पनि बाँडे। यस बिषयमा थेस्सोलोनी चर्च हाम्रो निम्ति पनि एक नमुना बनेको छ। यहि मनस्थिति लिएर हामी अघि बढुन् भन्ने परमेश्वरको चाहना छ।

यदि चर्चका कुनै सदस्यले प्रचारप्रसार गर्ने चर्चको कार्यक्रममा सहभागी भयो भने उसले धेरै आशिष पाउनेछ। प्रेरणा दिने, उत्साह दिने, हौशला बढाउने र व्यक्तिगत अभिभारा अत्यन्त महत्त्व छन् भनेर हामी जोड दिन चाहन्छौं। यदि हामी एकजुट वा टीम भएर काम गर्न सफल भयौं भने गम्भिररूपमा ध्यान ती कुराहरूलाई दिनसक्दछौं। टीम स्पिरित वा चर्चमा एकजुट भएर कामगर्ने वातावरण नहुँदा चर्चका सदस्यहरूले थालेका कतिपय काम वा योजनाहरू धरासयी भएको हामी पाउँदछौं। प्रत्येक सदस्यको आआफ्नै विशेष दक्षता, शीप त होलान्, तर सबै जना मिलेर एकै साझा लक्ष्यमा अघि बढ्नु नै चर्चको निम्ति अति उत्तम योजना हो। यदि मिलेर एकजुट भएर काम गर्न सक्यौं भने एक आपसमा हौसला पनि मिल्दछ। एक आपसका कमीकमजोरीहरूलाई सुधार पनि गर्नसक्दछ। चर्चले गरेका कामहरूलाई राम्ररी मुल्याङ्कन गर्न पनि एकजुट भएको चर्चका सदस्यहरूले सघाउँछन्।

चर्चका अरू सदस्यहरूले प्रचारप्रसार गर्ने काममा नजिक भएर तपाईंले सघाउन के के उपायहरू अपनाउन सक्नुहुन्छ? परमेश्वरको काममा अरूलाई पन्छाउन, हात बाँधेर बस्न, अल्सी बन्न वा निन्द्रालु (सुत्नु) बस्न चर्चका सदस्यहरूलाई किन सजिलो भएको हामी पाउँदछौं?

## ४. सबैसँग मिलीजुली परमेश्वरको काममा सहभागी हुनु (१ कोरन्थी ३:५-९)

प्रचारप्रसारको काममा चर्चका सदस्यहरू एकजुट हुनुपर्छ भनेर अघिल्लो बुँदामा हामीले हेरेका थियौं। परमेश्वरका धेरै लक्ष्यहरूमा एक लक्ष्यमा पुग्न हामी एकजुट भएर काम गरिरहेकाछौं भन्ने कुरालाई पनि

बुझ्नु अत्यन्त आवश्यक छ। जब चर्चले आयोजना गरेको प्रचारप्रसार र गवाहीको कार्यक्रममा चर्चका सदस्यहरूले भाग लिन्छन् तब तिनीहरूले परमेश्वरसँग मिलेर काम गरिरहेको भन्ने दृढ आभास पाउनैपर्दछ। चर्चको कार्यक्रममा अगुवाई गर्ने, निर्देशन दिन, उत्साह दिन परमेश्वरको प्रमूख हात हुन्छ। चर्चलाई ठूलो र बलियो गर्न उहाँकै संरक्षकमा हुन्छ। (हाम्रो भाउ खोज्न चर्चको क्रियाकलापमा भाग लिने होइन, तर उहाँको नाउँको बढावा दिन र उहाँकै निर्दशनमा चलिरहेकाछौं भन्ने भावनाले हामी प्रेरित हुनुपर्दछ)।

**जब परमेश्वरको प्रभावमा आफूले पाएको सुसमाचार एकमत भएर चर्चले फैलायो तब त्यसको नतिजा कस्तो हुन्छ? हेर्नुहोस्ः प्रेरित २:४७ र १ कोरन्थी ३:५-९।**

**विश्वासीहरू बिच एकमत भएर परमेश्वरसँग काम गर्न हौसला चाहिन्छ, जसले गर्दा उहाँको काम गर्न उनीहरू सक्षम् हुन्छन्। कस्तो खालको हौसला विश्वासीहरूलाई दिइनुपर्दछ त? हेर्नुहोस्ः २ पत्रुस ३:९ र तितस २:११।**

मानिसप्रति परमेश्वरको प्रेम कत्तिको छ भन्ने प्रमाण बाइबलभरि नै छन्। मानिसको मुक्तिको निम्ति प्रथम् कदम उहाँले नै चाल्नुभएको थियो। यसमा हामी अचम्म मान्नुपर्दैन। परमेश्वरले हामीलाई कत्तिको माया गर्नुहुन्छ र उहाँको अनन्तको राज्यमा हामी रहेको उहाँ कत्तिको चाहनुहुन्छ भन्ने उत्कृष्ट प्रमाण क्रुस भन्दा अरू के होला र? उहाँको अनुग्रहले हामीलाई साँच्चिक्कै धेरै आशिष दिनुभएकोछ। त्यो अचम्मको अनुग्रह तथा अनुकम्पा परमेश्वरले क्रुसद्वारा देखाउनुभएको छ। हाम्रो प्रयासले होइन तर परमेश्वरकै अनुकम्पाबाट सित्तैंमा (मत्ती १०:९ पढ्नुहोस्) पाएको येशूको अनुग्रह अरूलाई बाँड्न क्रुसमा भएको बलिदानले हामी सबैलाई उत्सुक बनाउँछन्।

कहिलेकाहिँ येशूका चेलाहरू एक्लै भएर काम गरेका थिए (मत्ती १७:१४-२१)। तर प्रायजसो परमेश्वर र मानिसहरूको बिचमा मिलोमत्तो भएर काम गरेको आभास ती चेलाहरूले पाएका थिए।

प्रथम् चेलाहरूलाई उहाँले नै चुन्नुभएको थियो। तिनीहरूलाई मानिसहरूको मछुवा बनाउन उहाँले प्रतिज्ञा गर्नुभएको थियो। त्यस कामको निम्ति उहाँले तिनीहरूलाई सिकाउनु भयो, तालिम दिनुभयो र तयार गर्नुभयो। अनि चेलाहरूको सेवाकार्यले गर्दा धेरै मानिसहरू

विश्वासी हुन पुगेका थिए। तर येशू स्वर्गमा फर्कनुभन्दा पहिले प्रचारप्रसार कामको निम्ति चेलाहरूलाई अर्को बरदानको आवश्यक थियो। त्यो थियो पवित्र आत्माको बरदान। प्रारम्भिक चर्चमा प्रचारप्रसार र साछी दिने कार्यक्रममा पवित्र आत्माको सहयोग निक्कै थियो।

जो मानिस अहिले पनि प्रचारप्रसारको काममा सक्रियरूपमा भाग लिन्दछन् त्यो मानिस परमेश्वरसँगै मिलेर काम गरिरहेको हुन्छ र त्यो काम अरूको मुक्तिको लागि हो। येशूको आवश्यक भएका मानिसहरूको हृदयमा कसरी बोल्ने, गवाही दिने र प्रचार गर्ने भन्ने ज्ञान सिक्न पवित्र आत्मा हामीमा आओस् भनेर हामीले प्रार्थना गरिनै रहनुपर्दछ। परमेश्वरबिना हामी केहि काम पनि गर्न सक्दैनौं भनेर हामी यकिन हुनुपर्दछ। प्रथमतः हामी नम्र भएर हाम्रो जीवन येशूमा अर्पण गर्नुपर्दछ र आफ्नो स्वार्थलाई त्याग्नु पर्दछ। भित्री “म"बाट मरेको अनुभव हामी गर्नुपर्दछ। अनिमात्र परमेश्वरको महिमाको निम्ति कामगर्न र सेवा गर्न हामी सक्षम् हुनसक्दछौं।

## ५. आफूले गरेको परमेश्वरको कामको बारेमा चर्चलाई खबर गर्नु

प्रत्येक विश्वासीले परमेश्वरको काममा संलघ्न हुनुपर्छ र उसको के के भूमिका हुन्छ भनेर केहि कामकर्तव्य यस अध्यायमा हामीले औंल्यायौं। अब हामी अर्को विषयवस्तुलाई केहि हदमा छुनेछौं। त्यो हो परमेश्वरको निम्ति आफूले गरेको काम चर्चलाई खबर गर्नु (यसबारे विस्तृत रूपमा अध्याय १२मा हेर्नेछौं)। आफूले गरेको परमेश्वरको सुसमाचारको प्रचारप्रसार र दिएको गवाहीका हालखबरहरू चर्चलाई सुनाउँदा आशिष पाउँदछ। सुनाउने व्यक्तिलाई चर्चका सदस्यहरूबाट हौसला पाउँदछ। परमेश्वरका जनहरूको बीचमा परमेश्वरले कस्तो राम्रो काम गरिरहनुभएको रहेछ भनेर थाहापाए भने सुन्ने मानिसहरूले पनि आशिष पाउँदछन्।

**पावल र वारनावासले आफूले गरेका प्रचारप्रसारका कामहरूका प्रतिवेदन चर्चलाई दिएका थिए। तिनीहरूले ती बयानहरू किन दिए होलान् त? हेर्नुहोस्ः प्रेरित १४ः२७ र १५ः४।**

पावल र वर्नावासले विभिन्न ठाँउहरूमा धेरै समयसम्म सुसमाचार प्रचारप्रसार गरेका थिए। आफूहरूले गरेका कामहरूको

प्रतिवेदन चर्चलाई सुनाएका थिए। सुसमाचार प्रचारप्रसार गर्ने काममा चर्चले कस्तो चासो राखेका थिए र कसरी समर्थन गरेका थिए भनेर ती प्रतिवेदनहरूले देखाउँदछन्।

साँच्चिकै भने हो भने सम्पूर्ण प्रेरितको पुस्तक नै सुरूका चर्चका विश्वासीहरूले परमेश्वरको काम कसरी गरे भनेर लेखेको वयान हो। ती वयान केवल चर्चको इतिहासमा थन्क्याउनमात्र नभएर वर्तमान युगको चर्चले पनि धेरै पाठहरू सिकुन् भनेर लेखिएका हुन्। प्रेरितको पुस्तक समयसापेक्षिक अर्थात् सबै समय र जहाँपनि काम लाग्ने भएकोले विश्वासीहरूको निम्ति यो महत्त्वपूर्ण पुस्तक हो। आफूले गरेका कामकार्यहरू चर्चलाई सुनाउनु धेरै राम्रो र महत्त्वपूर्ण कदम हो। यदि प्रेरितको पुस्तक हामीसित नभएको भए वा त्यसमा वर्णन गरेका सुसमाचार प्रचारप्रसारका कामहरूको वयान हटाइदिएको भए त्यो पुस्तकको मर्यादा कस्तो हुने थियो होला? कल्पना पनि गर्न सक्दैनौं।

**येशूका चेलाहरूले पनि आफूहरूले गरेका कामको प्रतिवेदन दिएका थिए। येशूका चेलाहरूले त्यो निति किन अपनाए होला? हेर्नुहोस् मर्कूस ६:३०।**

कुनै पनि समयमा जहाँ पनि बिना योजनामुताविक व्यक्तिगतरूपमा सुमाचार सुनाइन्छन् र गवाही पनि दिइन्छन्। तर सुसमाचार सुनाउने कार्यक्रमका योजनाहरू चर्चले पनि होशियारपूर्वक तयार गर्नुपर्छ। सुसमाचार प्रचारप्रसार गर्ने समुच्च चर्चको योजनालाई कहिलै पनि पन्छाउनु हुँदैन। एउटा टिम भएर योजना बनाएर प्रचारप्रसार गर्दा चर्चले लक्ष्य हासिल गर्न सक्दछन्। कामहरूको मूल्याङ्कन गर्न र रिपोर्ट अर्थात् प्रतिवेदन दिने अवसर चर्चका पदाधिकारीहरूले पाउँदछन्। साथै समूच्च चर्चका सदस्यहरूले पनि त्यसप्रति बिचारबिमर्स गर्न अबसर पाउँदछन्। रिपोर्ट दिनु वा विवरण दिनु भनेको केवल काम गरेको शूची प्रस्तुत गर्नुमात्र होइन। कामको विवरण वा गवाहीको रिपोर्ट चर्चको समक्ष प्रस्तुत गर्ने अवसरले चर्च तथा उनको विश्वासीहरूले परमेश्वरसँग मिलेर कसरी काम गरिरहेको छ भनेर पनि याद दिलाउँदछन्।

कतिपयले आफूले गरेको कामलाई चर्चलाई खबर गर्दैनन्। आफूले दिएको गवाही वा प्रचारप्रसारलाई चर्चमा भन्दा धाक लगायो भनेर अरूले भन्ला भनेर पनि मानिसहरूले लुकाएर राख्दछन्। तर याद

गर्नुहोस्, यदि हामीले शुद्ध मनले गरेको प्रभुको कामलाई चर्चको सामु भनिदियौं भने परमेश्वरको महिमा हुन्छ र सुन्ने मानिसहरूको विश्वास पनि झन बलियो हुन्छ। सुरूको चर्चका मानिसहरूले जब पावल र अरू प्रेरितहरूबाट मिशन रिपोर्ट अर्थात् उनीहरूले गरेका कामको बारेमा सुने तब तिनीहरूले परमेश्वरको महिमा गरेका थिए। उहाँको प्रशंसा गरेका थिए (प्रेरित २१:१९,२० पढ्नुहोस्)।

प्रभुको बारेमा अरूलाई सबभन्दा पछि सुनाउनुभएको समाचार चर्चलाई सुनाउन चाहनुहुन्छ भने तपाईंले के भन्नुहुन्छ? तपाईंको जवाफले तपाईंको बारेमा के भन्छ वा यस बिषयमा सुधार्न तपाईंले के गर्नुपर्छ होला?

## उपसंहार

**थप जानकारीः परमेश्वरको महिमाको निम्ति गर्ने सेवाकार्यमा सहभागी हुन चासो देखाउनु**

गवाही दिने र प्रचारप्रसार गर्ने जस्ता चर्चका विभिन्न कार्यक्रमहरूमा सहभागी हुन चासो देखाउनुहोस् भनेर अघिल्लो अध्यायमा तपाईंलाई प्रोत्साहन दिएका थियौं। प्रचारप्रसार गरी परमेश्वरको महिमा र चर्चको उत्थान गर्ने कुनै न कुनै कार्यक्रममा भाग लिन यस अध्यायले तपाईंलाई ललकार्छ। यस अध्यायका मूल बिषयवस्तुहरूलाई तपाईंले सोच्न यहाँ प्रस्तुत गरिएका छन्।

अ. चर्चले अपनाएका विभिन्न कार्यक्रमहरूमध्ये कुन् कुनमा तपाईं भाग लिन सक्नुहुन्छ सोको सूची बनाउनुहोस्। ती सूचीलाई काट्दै दुई वा तिन वटा कार्यक्रमको बारेमा बिचार गर्नुहोस्। तपाईंले जे गर्नुहुन्छ त्यसमा परमेश्वरले तपाईंलाई बोलाउनुभएको छ भनेर यकिन हुनुहोस् र आफ्नो शीप वा दक्षतालाई त्यसमा लगाउन सजिलो भएको महशूस गर्नुहोस्।

आ. अनि त्यो सूचीलाई अझ छोट्याउनुहोस् र आफूले आफैलाई सोध्नुहोस्, परमेश्वरको सेवाकार्यको निम्ति हप्तामा कति समय तपाईंले दिनसक्नुहुन्छ? फेरि तपाईंको देन केवल क्षणिक वा कहिलेकाहिँ नभएर बर्षभरिको निम्ति हुनुपर्छ भनेर सोच्नुहोस्। यदि तपाईंले चर्चको कुनै न कुनै कार्यक्रममा भाग लिनुभयो भने चर्चको काम अघि बढ्छ भनेर पनि नबिर्सनुहोस्।

इ. तपाईंले चुन्नुभएको क्षेत्रमा भएको काममा संलग्न हुनचाहनुहुन्छ भने तपाईंको चर्चको पास्टर वा अगुवालाई भन्नुहोस्। तपाईंको बिचार बाँड्न वा चर्चको उत्तरोत्तर प्रगतिको निम्ति के गर्नुपर्छ भनेर तपाईंको सुझाव छ भने त्यसलाई भन्न चर्चका अगुवाहरूसँग समय माग्नुहोस्। प्रचारप्रसार गर्ने चर्चको के कार्यक्रम छ भनेर तिनीहरूलाई सोध्नुहोस्। चर्चले तयार गरेको कार्यक्रममा कसरी सहयोग गर्ने वा सहभागी हुने भनेर तपाईंले चासो देखाउनुहोस्।

ई. तपाईंको क्षमता अनुसार चुन्नुभएको परमेश्वरको सेवाकार्य कसरी गर्ने भनेर चर्चका अगुवाहरूसँग सोध्नुहोस्। तपाईंले जुन सेवाकार्य रोज्नुहुन्छ त्यसमा तपाईं सफल होस् भनेर ती अगुवाहरूको चाहना हुन्छ। त्यसकारण उनीहरूको सल्लाह र सुझाव अत्यन्त महत्त्वपूर्ण र सहयोगी हुन्छन्।

**चिन्तनमनन:**

क. तल व्यक्त गरेको उदगारले तपाईं हामीलाई बाइबल सत्यत मनशायलाई व्यक्त गर्दछन्। विश्वासीहरू सबै शाही पुजारीहरू हुन् भन्ने तथ्यलाई तपाईंले कसरी हेर्नुहुन्छ? सबै विश्वासीहरू एकमत भएर काम गर्नुपर्छ भनेर त्यस उदगारले कसरी व्यक्त गर्दछ? "जबसम्म चर्चका सबै विश्वासी वा सदस्यहरू चर्चको काममा समावेश हुँदैन र चर्चका पास्टर र अधिकारीहरूसँग मिलेर काम गर्दैन तवसम्म यस संसारमा परमेश्वरको काम कहिलै पनि सिद्धिन्दैन।"-एलेन जी ह्वाइट, *गस्पल वर्कर्स,* पृ. ३५२बाट रूपान्तरित।

ख. चर्चका सबै विश्वासीहरू सामुहिक रूपमा भेलाभएर गवाही दिने र प्रचारप्रसार गर्ने कार्यक्रम कसरी प्रभावकारीसँग चलाउने भनेर छलफल गर्नुहोस्। चर्चका बाँकी सदस्यहरूसँग मिलेर राम्रोसँग तपाईंले कसरी काम गर्ने?